
“स्व परिवर्तन नै विश्व परिवर्तनको द्वार  हो”



# WORLD AWAKENING MISSION
# विश्व जागरण अभियान

जी प्र का द न १३५९

# संस्थाको नामः विश्व जागरण अभियान


"स्व परिवर्तन नै विश्व परिवर्तनको द्वार हो"

## संरक्षकः स्वामी आनन्द विनोद

**ठेगानाः** मध्यवानेश्वर, काठमाडौ, नेपाल
**फोनः** + ९७७ १ ४४८०३९५
**वेभसाइटः** www.worldawakeningmission.org
इमेलः info@worldawakeningmission.org
**Face book:** www.facebook.com.np/worldawakeningmission

**Youtube:** www.youtube.com/dawakenings

## नक्साः





## विश्व जागरण अभियान

विश्व जागरण अभियान एक गैर-नाफामूलक, गैर-धार्मिक तथा गैर-राजनीतिक अभियान हो, जसका संरक्षक परपूज्य गुरुदेव स्वामी आनन्द विनोद हुनुहुन्छ । यस अभियान कुनै संस्था नभएर परमपूज्य गुरुदेवको आध्यात्मिक अनुभवको प्रवाह हो । वास्तवमा परमपूज्य गुरुदेव यस प्रवाहलाई कुनै नाम दिन चाहनुहुँदैन थियो, कसै समक्ष पुऱ्याउन पनि चाहनुहुँदैन थियो तापनि गुरुदेव साधनामा डुब्दै जाँदा टाढा-टाढाका मान्छेहरु पनि उहाँको साधना सुवासले निकट आइ प्रवचन सुन्न र साधनामा रमाउन थाले तर गुरुदेवको चाहना भने अलग थियो । उहाँ एकान्तमा एक्लै रहेर आफूभित्रको खुल्ला, निर्धूम आकाशमा रम्न चाहनुहुन्थ्यो । यसको बाबजुद पनि उहाँको वरिपरि भीड बढ्न थालेकाले अन्ततोगत्वा अस्तित्वले उहाँको माध्यम बोल्न थाल्यो । **गुरुदेव भन्नुहुन्छ -"जब मेरो सुवासले आध्यात्मिक प्यासीहरुको भीड स्वतः बढ्न थाल्यो, तब म माध्यम अस्तित्व बोल्न थाल्यो । मलाई के बोल्ने, कसरी बोल्ने थाहा थिएन । म एकदम रित्तो खाली थिएँ । त्यस खालीपनमा शब्दहरु आफैं उत्रन्थे । मलाई लाग्थ्यो कि म माध्यम कोही बोल्दैछ ।"**

परमपूज्य गुरुदेवले संस्थागत गर्न नचाहे पनि कसैद्वारा आखिरमा यस प्रवाहलाई वि.सं. २०६२ साल फाल्गुण महिनाको १२ गते 'विश्व जागरण अभियान' नाम दिइ औपचारिक रुपमा संस्थागत गरियो । कस्ले संस्थागत गऱ्यो, त्यो पनि हालसम्म अज्ञात छ । यस अभियान विशुद्ध आध्यात्मिक अभियान हो । यसमा सबै जात धर्म, संस्कृति, महिला, पुरुष, समाज  तथा जुनसुकै स्तरका व्यक्तिहरुका लागि सदा सर्वदा द्वार खुल्ला छ ।

हामी यस जीवनलाई एक सुन्दर अवस्थाका रुपमा हेर्छौं । मानिस अथाह शक्तिको मालिक भएर पनि आज भिखारी झैं बनेको छ । आफ्नो जिन्दगीको रिमोट अरुको हातमा सुम्पेको छ । यसले गर्दा ऊ तनाव ग्रस्त छ, जसले गर्दा उसको शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्य खस्केको देखिन्छ । यही कुरालाई मनन् गर्दे यस अभियानले जीवनलाई उत्सवमय बनाउने र आनन्दको अनुभूति गर्ने कला सिकाउँछ ।

प्रत्येक व्यक्ति शरीर, मन र आत्माको मेल हो । शारीरिक , मानसिक र आत्मिक तीनवटै पक्षबाट पूर्ण र स्वस्थ व्यक्ति नै संसारको सम्पत्ति हो । अतः अभियानको लक्ष्य भन्नु नै समाज, देश र संसार परिवर्तनका लागि प्रत्येक व्यक्तिभित्रको 'स्व' लाई जागृत गराउनु हो ।

मानिस संसारका सबै प्राणी उपर आधिपत्य जमाउन सफल भए तापनि आज मानव समाज र समग्र विश्व नै भयग्रस्त र आक्रान्त छ । मानिस मानबोचित व्यवहारभन्दा पर गइरहेको छ । बाह्य जगत्मा जति-जति उन्नति गरिरहेको छ,  आन्तरिक रुपमा ऊ त्यति- त्यति खस्कँदै गइरहेको प्रतीत हुन्छ । आज विश्व मानव सभ्यताको उच्च शिखरमा पुगेको छ । ऊ सुख, सुविधाका साधनाले सम्पन्न छ । अनि चिन्तन र विचारले भरिभराउ भएको छ । यहाँ विश्व शान्तिका नाममा अनेकौं प्रयासहरु गरिएका छन् । विज्ञानका आविष्कारले गर्दा मानिस विभिन्न ग्रहमा पाइला टेक्न सक्षम भएको छ । सभ्यता चरमचुलीमा पुगेको छ , तर पनि किन आज मानव समाज विश्रृङखलित र आन्दोलिन हुँदै गइरहको छ ? यो विचारणीय प्रश्न छ ।

त्यसकारण परम पुज्य गुरुदेव भन्नुहुन्छ "हरेक कुराका दुईवटा पक्ष हुन्छन् । त्यसैले कुनै पनि कुरा पूर्ण हुनका लागि दुईवटा पक्षहरु परिपूर्ण हुनैपर्छ । जस्तो रथको दुईवटा पांग्रा हुन्छन् । एउटै मात्र पांग्राले रथ चल्न सक्दैन । पुरुष र महिला पनि  विवाहपछि मात्र पूर्ण मानव  बन्दछन्  भन्ने कुरा पूर्वीय धर्मशास्त्रहरुमा उल्लेख गरिएको पाइन्छ ।  त्यस्तै न पूर्व पूर्ण छ न त पश्चिम नै । धर्मको पछाडि मात्र दौडिएर आज पूर्व दरिद्रनारायण देखिन्छ भने आफूलाई चटक्कै बिर्सेर कामको पछाडि दौडिएर आज पश्चिम तनावग्रस्त र अशान्त छ । त्यसकारण, पूर्व र पश्चिमको मिलन हुनु जरुरी छ" । बुद्ध र चार्वाकको मेल हुनु जरुरी छ । त्यस्तै, दिन छ त रात पनि छ । गहिराइ छ त उचाई पनि छ ।

आज हाम्रो समस्या भनेको कुनै पनि कुरालाई एउटा पक्षबाट मात्र सोच्नु वा लिनु हो । आज हामीले प्रगति खाली बाह्य जगत्मा मात्र गर्‍यौं , आन्तरिक जगत्लाई चटक्कै बिर्स्यौं । शरीर रचनालाई हेर्दा भौतिक शरीरभित्र अभौतिक शरीर पनि छ भन्ने कुरालाई ख्याल गरेनौं । विज्ञानको कुरा गर्दा अध्यात्मलाई वास्ता गरेनौं । कुनै पनि कुराहरु एक अर्काका पूरक हुन् भन्ने जानकारी नहुँदा मानव समुदाय  दुःखको भुँमरिमा अल्मलिन बाध्य भएको छ । त्यसैले स्वः बालकृष्ण सम भन्नुहुन्छ - **"आध्यात्मबिना विज्ञान अन्धो र विज्ञानविना अध्यात्म लंगडो हुन्छ ।"** त्यसकारण जीवनका सबै पक्षलाई स्वीकार गर्दे आफूभित्रको आफ्नोपन वा परम तत्वलाई वा प्रेमलाई पहिचान गर्नु र गराउनु विश्व जागरण अभियानको मूल उद्देश्य रहेको छ ।

संसारमा तब मात्र शान्ति हुन्छ , जब हामी प्रत्येकले आफू भित्रको गहन शान्तिको अनुभूति गर्न सक्छौँ । विश्व जागरण अभियानको नारा नै छ -

**-"स्व परिवर्तन नै विश्व परिवर्तनको द्वार हो ।"**

पहिला आफूलाई जागृत गराउनु अनि अरुलाई जागृत गराउनु नै यस नाराको पूर्वसर्त हो । तसर्थ, 'स्व' - परिवर्तन नै आफूलाई र यस संसारलाई माथि उठाउने उत्तम बाटो हो । यसका लागि विश्व जागरण अभियानले प्रत्येक दिन योग, ध्यान तथा प्राणायामका साधनाहरुबाट इच्छुक साधक/साधिकालाई गुजार्ने गर्दछ ।

## अभियानका आध्यात्मिक उद्देश्यहरु :-

- ✓ शारीरिक, मानसिक र आध्यात्मिक रुपमा स्वस्थ व्यक्तिहरुको निर्माण गर्नु जसले गर्दा समाज स्वतः सुध्रन्छ ।
- ✓ प्रत्येक व्यक्तिभित्रको आफ्नो स्वभाव, आफ्नो पनलाई जागृत गराउनु ।
- ✓ सकारात्मक चिन्तन, स्वस्थ जीवन तथा खानपान, नियमित साधना बढाउनु जसले स्वास्थ्य र इमानदारिताले परिपूर्ण सात्विक जीवनको निर्माण गर्छ ।
- ✓ तनाव, भय, उदासी, अनिद्रा तथा नकारात्मकताले गाँजेको व्यक्तिलाई पनि आध्यात्मिक अनुभूति गराउनु
- ✓ विश्व जागरण अभियान विभिन्न जात, जाति, तथा धर्मको बीचमा रहेको असमानतालाई समाप्त पारी प्रत्येक मानव हृदयभित्र रहेको प्रेमको प्रष्फुटन गराउन प्रतिबद्ध छ । साथै , आफूभित्रको प्रेम र आफ्नो पनको एकपटक अनुभूति भइसकेपछि, हामी सबैलाई प्रेम र मद्दत दिन शुरु गर्छौं ।

## नियमित साधना समय

- ✓ सोमबार देखि शनिबारसम्म -दिनको दुई पटक
- ✓ योग, ध्यान तथा प्राणायाम -५:३० -७:०० (बिहान)
- ✓ ध्यान - ६:०० -७:०० (बेलुका)
- ✓ आइतबार कुनै साधना हुँदैन ।

## आश्रम गतिविधिहरु

- ✓ व्यक्तिगत परामर्श = विश्व जागरण अभियानले शारीरिक, मानसिक र आध्यात्मिक समस्या भएका व्यक्तिहरुका लागि परामर्श सुविधा उपलब्ध गराउँदै आएको छ । परामर्श परमपूज्य गुरुदेवद्वारा नै गरिन्छ । यसका लागि इच्छुक व्यक्तिहरुले आफ्नो नाम दर्ता गराउनु पर्ने हुन्छ ।
- ✓ नव-सत्संग = प्रत्येक महिनाको अन्तिम शनिबार दिउँसो १२-३ बजे ।
- ✓ महा -सत्संग = वर्षमा एक पटक
- ✓ एक- दिवशीय ध्यान शिविर = पटक- पटक
- ✓ त्रि- दिवशीय ध्यान शिविर = पटक- पटक
- ✓ आध्यात्मिक वनभोज = वर्षमा एक पटक
- ✓ सामूहिक दीक्षा कार्यक्रम =विशेष दिनमा

## परमपुज्य गुरुदेवका रेडियो प्रवचन समय

- ✓ शुक्रबार -बिहान ६:०० देखि ६:१५, कान्तिपुर एफ. एम. ९६.१ **"जागरण"**
- ✓ शुक्रबार -राति ९:००-१०:००, गोर्खा एफ. एम. ९३.००"In Search of Life"
- ✓ आइतबार -राति ८:००-९:००, स्टार एफ. एम. ९५.२ "उज्यालो तिर"
- ✓ आइतबार, मंगलबार र बिहीबार -बिहान ६:१५-६:३० भक्तपुर एफ. एम. १०५.४ **"जागरण"**
- ✓ मंगलबार -बिहान ५:३०-५:४५, नेपाल एफ. एम. ९१.८ **"जागरण"**
- ✓ बिहीबार - बिहान ५:३० -५: ४५, नेपाल एफ. एम. ९१.८ **"जागरण"**
- ✓ मंगलबार -राति ९:०० -१०:००, गोर्खा एफ. एम. ९३."Dark Side"
- ✓ शुक्रबार - बिहान ५:३० -५:४५, गोर्खा एफ. एम. ९३ **"जागरण"**
- ✓ **सोमबार** - बिहान ६:०० -६:३०, मेट्रोटार्फिक एफ. एम. ९५.६ **"जागरण"**